# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४५) काठमाडौं, चैत ५ गते २०५२ साल (संख्या ४८

## भाग ३

### लोक सेवा आयोगको सूचना

निजामती सेवा नियमावली, २०५० को नियम ७२ को खण्ड (क) को उपखण्ड (अ) र खण्ड (ग) को उपखण्ड (अ) को प्रयोजनको लागि बढुवा समितिको अध्यक्षमा र सोही नियमावलीको नियम ८३ को उपनियम (१) बमोजिमको उजूरी सुन्ने अधिकारीमा देहायको कार्यालयको लागि देहायबमोजिम तोकिएको छ:–

| कार्यालय | बढुवा समितिको अध्यक्ष | उजूरी सुन्ने अधिकारी |
| --- | --- | --- |
| प्रधानमन्त्रीको कार्यालय | सम्बन्धित कार्यालयको प्रशासन हेर्ने सह-सचिव वा सो सरहका राजपत्रांकित प्रथम श्रेणीको अधिकृत। | सम्बन्धित कार्यालयका सचिव |

आज्ञाले,
सुशीलकान्त झा
लोक सेवा आयोगको का. मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

## सूचना १

कानून तथा न्याय मन्त्रालयका सचिव श्री सुरेशमान श्रेष्ठ फिलिपिन्सको राजधानी मनिलामा संचालन हुने AALCC को पैंतीसौं अधिवेशनमा भाग लिन त्यसतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री विनोद-कुमार देवकोटालाई मिति २०५२।११।१९ देखि कायम मुकायम मुकरर गरेको छ।

## सूचना २

परराष्ट्र मन्त्रालयका सचिव श्री केदारभक्त श्रेष्ठ संयुक्त अधिराज्यको विल्टन पार्कमा आयोजना हुने Trade Investment & Diplomats नामक सम्मेलनमा नेपालको तर्फबाट भाग लिन तथा उक्त सम्मेलनमा भाग लिई नेपाल फर्किने क्रममा इजिप्ट तथा इजरायलको भ्रमण गर्ने सिलसिलामा त्यसतर्फ जानु हुने भएको हुँदा उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री कुमार ज्ञवालीलाई मिति २०५२।११।९ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# संसद सचिवालयको सूचना

संसदको प्रतीकको बनोट ( हाल प्रयोगमा आइसकेको ) र सो लगाउने तरिकाको सम्बन्धमा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. संसदको प्रतीकको बनोटः नेपाल अधिराज्यको संविधान, २०४७ अनुसार श्री ५, प्रतिनिधि सभा र राष्ट्रिय सभालाई संसद भनिएकोले गोलाकार रुपमा रहेको संसदको प्रतीकको मध्य भागमा श्रीपेच, जनताको प्रतीक स्वरुप प्रतीक वरिपरि जनताको हातेमालो दर्शाइएको छ भने राज्य शक्तिको प्रतीक स्वरुप सूक्ष्म रेखाहरू एवं प्रतिनिधि सभा र राष्ट्रिय सभाको प्रतीक स्वरुप कमलको फूलको पातहरू र शान्तिको प्रतीक स्वरुप मोटो नीलो रेखा संकेत गरिएको यो प्रतीकमा – सुन ३ (तीन) लाल, चाँदी १ (एक) तोला, साइज २७ (सत्ताईस) मिलिमिटर (डाई मि.) मोटाइ २ (दुई) मिलिमिटर र घेरामा नीलो मिना रहेको छ ।

२. संसदको प्रतीक लगाउने तरिकाः संसदको प्रतीक देहायबमोजिम लगाउनु पर्नेछ :–

(क) कोट लगाएको पुरुष वा महिला सांसदले कोटको दाहिने भाग अर्थात् कोटको दाहिने तर्फको दोब्रिएको कठालो (कलर) जहाँ चिरेर तल माथि छुट्टिएको हुन्छ, त्यस चिराको तलको भागमा रहेको चुच्चोदेखि एक इन्च तल श्रीपेचको कल्कीमाथि पर्ने गरी लगाउने ।

(ख) महिला सांसद सदस्यले कोट नलगाई चोलो मात्र लगाएको बखत सारीको सप्कोले दाहिने कुम नछोप्ने भएमा दाहिने कुमको दुई इन्च मुनि चोलोमाथि श्रीपेचको कल्कीमाथि पर्ने गरी लगाउने ।

(ग) महिला सांसद सदस्यले चोलो ढाकिने गरी सारीलाई सप्को वा घुम्टो पारी लगाएको खण्डमा दाहिने कुमको दुई इन्चमुनि श्रीपेचको कल्कीमाथि पर्ने गरी सारीमाथि लगाउने ।

३. संसदको प्रतीक लगाउनुपर्नेः संसद सदस्यले औपचारिक उत्सव वा समारोह र सांसदको हैसियतले सम्पन्न गर्नुपर्ने कार्यमा उपस्थित हुँदा प्रतीक लगाउनु पर्नेछ ।

४. संसदको प्रतीक लगाउन नहुनेः सांसद नभएको वा संसदको सदस्यता समाप्त भएको व्यक्तिले प्रतीक लगाउनु हुँदैन ।

आज्ञाले,
जीवनलाल सत्याल
संसदको महासचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२१८

# भाग ४

## भूलसुधार

खण्ड ४५, संख्या ४५, नेपाल राजपत्र भाग ३, मिति २०५२।११।१४ मा प्रकाशित मन्त्रिपरिषद् सचिवालयको सूचनाको पेज नं. ६ को छैठौं हरफमा माइनिङ, पेज नं. ९ को सत्ताइसौं हरफमा सर्वेक्षण, पेज नं. १० को नवौं र तीसौं हरफमा सम्बन्धी, मेटिरियोलजी, पेज नं. १२ को बीसौं हरफमा सपुर्दगी, पेज नं. १३ को सातौं, सोऱ्हौं र उनन्तीसौं हरफमा न्यूनतम, वृद्धा र युवा, पेज नं. १४ को दशौं हरफमा प्रतिलिपि, पेज नं. १६ को दोश्रो, आठौं र सोऱ्हौं हरफमा हर्वेरियम, योग्यता, वहुपक्षीय र पेज नं. १८ को छैठौं हरफमा विधेयक भन्ने शब्दहरू हुनु पर्नेमा अन्यथा हुन गएकोले भूल सुधार गरिएको छ ।

मुद्रण विभाग ।



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।